बर्दिबास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिबास ,महोत्तरी
स्थापना २०७३
(दफा ११को उपदफा (१२)सँ ग सम्बन्धित )

आ.ब. २०७८/०७९को बर्दिबास नगरपालिका क्षेत्रभित्र रहेका नदी खोला र क्रसर उद्योगबाट उत्पादन हुने सबैखाले ढुंगा गिटी तथा प्रशोधित बालुवा ग्राभेल पालिका बाहिर निकासी करको लागी बोलपत्र आव्हान सम्बन्धी सूचना

(तेश्रो पटक वोलपत्र प्रकाशित मिति:२०७८।०[illegible]।०९

स्थानीय स्सरकार संचालन ऐन २०७४को दफा ११को घ(६),दफा ६२क र ढुंगा,गिटी तथा बालुवा उत्खनन,बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७को दफा ११को उपदफा (१२) तथा दफा १९ मा व्यवस्था भए बमोजिम तोकिएको स्थानहरुबाट स्वीकृत मापदण्ड बमोजिम र नगरपालिकाले तोके बमोजिमको दररेटमा मिति २०७८।०८।०६को स्थानीय राजश्व परमर्श समितिको निर्णय र नगर कार्यपालिकाको मिति २०७८।०८।०७को निर्णय बमोजिम आ.ब.२०७८/०७९मा तपसिलमा उल्लेखित बर्दिबास नगरपालिका क्षेत्रमा रहेका नदी खोला र क्रसर उद्योगबाट उत्पादन हुने सबै खाले ढुंगा गिटी तथा प्रशोधित बालुवा ग्रभेल नगरपालिका बाहिर हुने निकासी कर ठेक्काको हकमा २०७८ साल मंसीर देखि २०७९ साल आषाढसम्मको लागि ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ति,फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र,मूल्य अभिवृद्धि करको दर्ता प्रमाणपत्र,आ.ब. २०७७।०७८को करचुक्ता प्रमाण पत्र र नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपीहरु संलगन राखी तपशील बमोजिम शर्तहरुको अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपशिल

| ठेक्का नं. | ठेक्का। बोलपत्रको नाम | ठेक्का अवधि | दैनिक कुल परिमाण (घ.मी.) | दैनिक न्यूनतम कबोल अंक ( मु.अ.कर बाहेक) | धरौटी रकम | बोलपत्रफाराम दस्तुर |
|---|---|---|---|---|---|---|
| **02/NCB/ Bardibas/078/079** | नदी खोला र क्रसर उद्योगबाट उत्पादन हुने सबैखाले ढुंगा,गिटी तथा प्रशोधित बालुवा र ग्राभेल पालिका बाहिर निकासी कर ठेक्का | २०७९ असार मसान्त कायम हुने | १४४० घ.मी. | ७५,०००।- (पचहत्तर हजार मात्र ) | दैनिक कबोल अंकको दरले एक महिना बराबरको रकमको ५ प्रतिशत | ३०००।- |

शर्तहरु

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मुल्य अभिवृदि कर दर्ता प्रमाणपत्र, आ.व.२०७६।०७७को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फारम दस्तुर कृषि विकास बैंक शाखा कार्यालय बर्दिबासमा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता बर्दिबास ग–१–१ खाता नं. १००६३०११४९१२८१०५ मा नगद जम्मा गरेको नगद भौचर साथ एवं धरौटी वापतको रकम कृ.वि.बैंक बर्दिबास शाखामा रहेको धरौटी खाता ग–३–१ खाता नं. १००६३०११४९१२८०६७मा जम्मा गरेको भौचर यो सूचना तेश्रो पटक प्रकाशीत भएको मितिले १६औं दिनको कार्यालय समयभित्र बोलपत्र फारम खरिद गर्न सकिनेछ।

२. तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको कृ.वि.बैंक बर्दिबासमा रहेको आन्तरिक राजश्व खाता बर्दिबास ग–१–१ खाता नं. १००६३०११४९१२८१०५ मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धि कागजात साथ संलग्न गर्नुपर्नेछ। बोलपत्र पेश

गर्ने अन्तिम मिति दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलि पल्ट वा लगतै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

३. बोलपत्र संम्बन्धि फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पस्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

४. आफुले कबोल गरेको अंकका ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको कृ.वि.बैंक बर्दिबास शाखामा रहेको धरौटी खाता ग–३–१ खाता नं. १००६३०११४९१२८०६७मा जम्मा गरी सोको सक्कल बैंक भौचर सिलबन्दी खाम साथ पेश गर्नु पर्नेछ ।

५. खरिद गरिएको बोलपत्र फारमहरुका उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी र वोलपत्रसंग सम्बन्धित सबै कागजातहरुको फर्मको छाप लगाई तेश्रो पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२ बजे भित्र यस कार्यालयमा वोलपत्र दर्ता गर्नु पर्नेछ ।

६. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।

७. रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धि कागजातहरु पेश गर्ने अन्तिम दिनको २ बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगतै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

८. प्रि- बिड बैठक सुचना प्रकाशन भएको मितिले ७ (औ) दिनको १२बजे बर्दिबास नगरपालिकाको कार्यालयमा हुनेछ। ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नुहुनेछ । उक्त दिन बिदा परेमा उक्त बैठक सो को भोलिपल्ट सोही समयमा हुनेछ ।

९. बोलपत्र सम्बन्धि विस्तृत जानकारी बोलपत्र सम्बन्धि फारममा उल्लेखित गरिएको हुदा' सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

१०. म्याद नाघी, रीत नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन ।

११. बोलपत्र स्वीकृत गर्ने नगर्ने सम्बन्धि सम्पुर्ण अधिकार यस कार्यालयंमा सुरक्षित रहनेछ

१२. दैनिक साकार कबोल अंकको बरावरको रकम( मु.अ.कर बाहेक ) सप्ताहिक रुपमा बैंक दाखिला गरी भौचर अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

१३. बोलपत्र स्वीकृत भएमा सो को सुचना पाएको वा घरदैलोमा सुचना टाँस भएको मितिले ७ दिन भित्र सुचनामा उल्लेखित मु.अ.कर दर्ता प्रमाणपत्र लगायतका अन्य वोलपत्र सम्बन्धी कागजातहरु समेत लिईदैनिक कबोल अंकका दरले हुन आउने तीन महिना बराबरको रकम वापत नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा २०७९ आषाढ मसान्तसम्मको जमानत अवधि कायम गरी जारी गरिएको कार्यसम्पादन जमानत(परफरमेन्स बण्ड) समेत पेश गर्नु पर्ने छ। तत पश्चात कार्यालयबाट चलनपूर्जी वा पटटा उपलब्ध गराइनेछ ।

१४. साथै बोलपत्र कबुल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक,सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ प्रतिशत मु.अ.कर,आय कर तथा अन्य कर रकम समेत वोलपत्रदाताले नेपाल सरकारलाई सम्बन्धित निकायमा छुटा छुट्टै रुपमा दाखिला गरेको प्रमाण अनिवार्य रुपमा यस कार्यालयमा बुझाउनुपर्नेछ ।

१५. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र वन्दोवस्त गरीनेछ ।

१६. यस नगरपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणको सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४,सम्बन्धि स्थानीय तहबाट जारी भएका कानुन,प्रदेश कानून ,संघीय कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

१७. अन्य कार्यविधी ,मापद०ड,सार्वजनिक खरिद ऐन २०६३,सार्वजनिक खरिद नियमावली २०६४ दशौ संशोधन सहित तथा नेपाल सरकारका अन्य प्रचलित कानूनबमोजिम हुनेछ ।

१८. ठेक्का सूचनाको विस्तृत विवरण बर्दिबास नगरपालिका,नगर कार्यपालिकाको कार्यालयको सूचना पाटीमा टाँस गरिएको र कार्यालयको वेभसाइट www.bardibasmun.gov.np मा समेत राखिएको छ ।